मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १६९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २४ गते सोमवार (Monday, 6 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## नेपालीको आयु बढ्यो

**काठमाडौं, वैशाख २३।** नेपालमा जनसंख्या वार्षिकरूपमा ०.९२ को दरले वृद्धि भइरहेको तथ्यांक सार्वजनिक भएको छ।

जनसंख्या साक्षरता पुस्तक तथा जनसांख्यिक सूचकहरू सार्वजनिक गर्दै राष्ट्रिय तथ्यांक कार्यालय, जनसंख्या शाखाका निर्देशक ढुण्डीराज लामिछानेले उक्त विवरण सार्वजनिक गरेका हुन्। जनसंख्याको वार्षिक वृद्धिदर एक प्रतिशतभन्दा पनि तल रहेको भन्दै उनले यो नेपालको ८० वर्षको इतिहासमै सबैभन्दा कम भएको बताए। सबैभन्दा बढी जनसंख्या वृद्धि लुम्बिनी प्रदेशमा १३.८ प्रतिशतले भएको पनि उनले बताए। करिब ८० वर्षको इतिहासमा एकभन्दा तल वार्षिक जनसंख्या वृद्धिदर भएको यो पहिलो पटक हो।

## जुवातास खेल्ने सात जना पक्राउ

**झापा, वैशाख २३।** तास खेलिरहेका ७ जनालाई प्रहरीले मोरङको सुन्दरहरैँचाबाट पक्राउ गरेको छ।

सुन्दरहरैँचा नगरपालिका-१० खोर्सानेको प्रतिभा टोलका प्रेमबहादुर चौहानको २ तले पक्की घरको दोस्रो तलामा तास खेलिरहेको अवस्थामा शनिबार साँझ उनीहरु पक्राउ परेका हुन्। घरधनी ५९ वर्षीय प्रेमबहादुर चौहानसहित सुन्दरहरैँचा-१० का ४९ वर्षीय कुमार पुरी, ३६ वर्षीय हेमबहादुर थापा, ४८ वर्षीय ध्रुव अधिकारी, ५० वर्षीय यामकुमार प्रधान, सुन्दरहरैँचा- १२ का ३८ वर्षीय डम्बरराज बस्नेत र केराबारी गाउँपालिका-६ का ४३ वर्षीय रोविनकुमार घिमिरेलाई पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए।

उनका अनुसार तास खेलिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको वरिष्ठ सइ प्रहरी वरिष्ठ नायव निरीक्षक शुभेन्द्रकुमार कर्ण नेतृत्वको टोलीले चौहानको घरमा छापा मारेको थियो। छापा मार्ने क्रममा तास खेलिरहेको भेटिएपछि ७ जनालाई पक्राउ गरिएको बस्नेतले बताए। पक्राउ परेकाहरुको सम्बन्धमा बेलबारीका इन्सपेक्टर तेजबहादुर दाहाल नेतृत्वको टोलीले अनुसन्धान गरिरहेको छ।

प्रहरीले तासको खालबाट ६८ हजार १ सय १५ रूपैयाँ नगद र चार बुङ (२ सय ८ पत्ती) तास बरामद गरेको छ। पक्राउ परेकाविरुद्ध कानूनी कारबाही अघि बढाउन आइतबार म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया शुरु गरिएको प्रहरीको भनाइ छ।

## ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**झापा, वैशाख २३।** मेचीनगर- १५ स्थित ज्यामिरगढी-चन्द्रगढी सडकमा ट्याक्टरको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ।

शनिवार साँझ ७.३० बजेतिर गाहिनावारीस्थित सडकखण्डमा ज्यामिरगढीबाट चन्द्रगढीतर्फ आउँदै गरेको मे १ त ५३१९ नं को ट्याक्टरसँग विपरीत दिशाबाट जाँदै गरेको मे ११ प ९०२ न. को मोटरसाइकल ठोक्किएको थियो। दुर्घटनामा मोटरसाइकल चालक कचनकवल -२ बस्ने २७ वर्षीय ज्ञान अधिकारीको मृत्यु भएको हो। घाइते अधिकारीलाई उपचारका लागि बिर्तासिटी हस्पिटल ल्याइएकोमा उपचारका क्रममा राति ८.३० बजेतिर मृत्यु भएको

(बाँकी अन्तिम पृष्ठमा)

# दक्षिण कोरिया पठाइदिन्छु भन्दै अवैध असुली

**इलाम, वैशाख २३।** रोजगारीका लागि दक्षिण कोरिया जाने वैधानिक तरिका दुईवटा मात्र छन्। एउटा रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत कोरिया भाषा परीक्षा पास गरेर र अर्को व्यक्तिगत श्रम स्वीकृति लिएर। व्यक्तिगतबारे अधिकांश मानिस अवगत नै छन्।

इपीएस प्रणाली अनुसार भाषा परीक्षा पास भएकाहरुको नाम प्रक्रिया पूरा गरेर रोस्टरमा राखिन्छ। कोरियाका रोजगारदातालाई श्रमिक चाहिए अनलाइनमार्फत जब सेन्टरमा श्रमिकको माग गर्छन्। जब सेन्टरले सूची उपलब्ध गराइदिन्छ, सोही सूचीबाट रोजगारदाताले श्रमिक छनोट गर्छन्। यसमा कुनै पनि निकाय वा व्यक्तिको संलग्नता हुँदैन।

तर, दक्षिण कोरिया गएकाहरुले गरेको आकर्षक आम्दानीमा लोभिएका, मुलुकमै स्वरोजगारमा रहेका या कुनै पेशा व्यवसाय गरिरहेका युवालाई थप 'ब्ल्याकमेलिङ' गरेर 'कोरिया पठाइदिन्छु' भन्दै करोडौं पैसा उठाएको पाइएको छ। यस्तो कार्यमा नेपाली कांग्रेस नेता, कार्यकर्तादेखि मन्त्रीका स्वकीय सचिव (पीए) सम्म संलग्न भएको भेटिएको छ।

इलामका ज्ञानु दाहाल करिब ५० लाख लगानी रहेको हार्डवेयर पसल सञ्चालन गरिरहेका थिए। कमाइ राम्रै थियो। एक वर्षअघि स्थानीय सुरेन राईले उनलाई 'आफ्नो माथिल्लो तहमा चिनजान रहेकाले दक्षिण कोरिया सजिलै पठाइदिने' बचन दिए।

शुरुमा दाहालले पत्याएनन्। तर, कोरिया गएका युवाले राम्रो कमाएर पैसा पठाएको खबर उनले सुनिरहेका थिए। उनीहरुको परिवारको आर्थिक स्थितिमा केही वर्षको अवधिमै ठूलो परिवर्तन आएको थियो। यता, देश आर्थिक मन्दीको चपेटामा पर्दा उनको व्यवसाय पनि खस्किँदै गएको थियो।

आम्दानी सुक्दै जाँदा उनलाई बढी कमाउने लोभले



गाँज्न थाल्यो। बीचबीचमा सुरेनले कोरिया पठाइदिने प्रलोभन देखाइरहेका थिए। कोरिया जान पाइन्छ भने किन नजाने त भनेर उनले राईलाई २०७९ फागुन ९ गते अढाइ लाख रुपैयाँ दिएँ,- उनले भने - तर कोरिया पठाउनेभन्दा पनि ठगी धन्दाको योजना बुनिएको रहेछ, मलाई के थाहा ? अहिले पैसा उठाउने लडाइँ चलिरहेको छ। कोरिया जानका लागि धेरै इलामेलीका घरखेत, गाईभैंसी सबै सकिएको उनले बताए। कोरिया जाने लोभमा मानिसहरु भएका पेशा व्यवसाय छाडेर बसेका छन्,- दाहालले भने,-गाईभैंसी, घरखेत सबै सकेका छन्। सुरेनलाई पनि कसैले फसाएको उनको अनुमान छ। उनी कोरियन भाषा पढाएर राम्रै कमाउथे दाहालले भने - मानिससँगको चिनजान र स्टाटस हेरेर पनि कारोबार गरियो तर नराम्रोसँग फसियो। इलामकै एकतप्पाका लक्ष्मी श्रेष्ठ पनि त्यसैगरी पैसा बुझाएर फसेको उनले बताए।

युवालाई कोरिया पठाइदिन्छु भन्दै पैसा उठाउन नेपाली कांग्रेसका प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर २ का सभापति डिकेन्द्र इदिङ्गो पनि संलग्न छन्। इलामको माङ्सेबुङ गाउँपालिकाका पूर्वअध्यक्ष इदिङ्गोले माई जोगमाई गाउँपालिकाका आइन्द्र लिम्बूसँग तीन लाख लिएका छन्। 'कोटा सकिन्छ छिटो गर्नुस्' भनेर उनले पैसा उठाएको लिम्बूले बताए।

कांग्रेस नेता इदिङ्गोको इसेवा अकाउन्टमा मंसीरमा गजेन्द्र दाइ (आइन्द्रले हामीसँग लिएको नाम)ले तीन लाख हालिदिएका छन्। इदिङ्गोलाई पैसा दिएपछि उनी ललितपुरको भैंसेपाटी बस्न थाले। अहिले पनि उनी उतै छन्। उहाँ ( डिकेन्द्र इदिङ्गो)ले काम भइहाल्छ भनेपछि आएँ,- उनले भने -भैंसेपाटीमा बस्छु, हिजोआज त आम्दानीका लागि सानोतिनो काम पो गर्न थालेको छु।

आइन्द्र किसान हुन्। आफ्नै गाउँको केटी बिहे गरेको र आफूले फुपाजु भन्नुपर्ने मान्छे भएकाले विश्वास गरेर पैसा दिएको तर फसेको उनले बताए। नेता इदिङ्गोले आइन्द्रलाई शरतसिंह भण्डारी श्रममन्त्री भएका बेला 'मिलाएर कोरिया पुऱ्याइदिन्छु' भनेका थिए। 'अहिलेका श्रममन्त्रीले रोकिराखेको छ रे- आइन्द्रले भने, -अब चुनावपछि कुरा गरौं भन्नुभएको छ।

उनले इलाममा वेल्डिङ सिकेका छन्, तर, प्रमाणपत्र पाएका छैनन्। त्यसका लागि २० हजार तिरेका छन्। कोरिया पठाइदिन्छु भन्दै युवाबाट पैसा उठाउने अर्का व्यक्ति हुन्, नेपाली कांग्रेससम्बद्ध विद्यार्थी संगठन नेविसंघका केन्द्रीय सदस्य भूपेन्द्रसिंह थेवे। उनले पनि धेरै युवाबाट ५ लाखसम्म उठाएको प्रमाण प्राप्त भएको छ।

कोरिया लगिदिने प्रलोभनमा पारेर झापाका कुलप्रसाद उप्रेतीबाट २०८० असोज ८ (बाँकी अन्तिम पृष्ठमा)

## पत्रकारलाई नधम्क्याउन महासंघको चेतावनी

**झापा , वैशाख २३।** नेपाल पत्रकार महासंघ झापा शाखाका कार्यसमिति सदस्य तथा नयाँ पत्रिका दैनिकका संवाददाता चिरञ्जीवी घिमिरेलाई समाचार लेखेको विषयलाई लिएर निर्माण व्यवसायी विनोद थापाले धम्की दिएका छन्।

राप्रपानिकट युवा संगठनका नेतासमेत रहेका थापाले नदीको अवैध दोहन सम्बन्धी समाचार लेखेको भन्दै पत्रकार घिमिरेलाई गालीगलौज गर्दै धम्की दिएका हुन्।

शनिबार पत्रकार घिमिरेले 'जनप्रतिनिधिकै सहयोगमा मावा नदीको अवैध दोहन, स्थानीयलाई ठेकेदारको धम्की' शीर्षकमा समाचार लेखेका थिए। समाचार प्रकाशित भएपछि थापाले घिमिरेलाई फोन गरी आफूले जे पनि गर्न सक्ने भन्दै धम्की दिएको बताइएको छ।

पत्रकारलाई हतोत्साहित गर्न डर र धम्की देखाउने कार्यको पत्रकार महासंघ झापा शाखा, नेपाल पत्रकार महासंघ कोशी प्रदेशसहित प्रेस युनियन झापा, प्रेस चौतारी झापा, पत्रकार मञ्च दमकले भर्त्सना गर्दै अभद्र व्यवहार गर्ने थापामाथि कानूनी कारबाहीको माग गरेका छन्।

'पत्रकारले लेखेको समाचारमाथि चित्त नबुझे कानूनी उपचारमा जाने बाटो र निकाय हुँदाहुँदै पत्रकारलाई स्वतन्त्र रूपमा काम गर्न हतोत्साहित गर्ने, डर देखाउने, धम्की दिनेजस्ता कार्य प्रेस स्वतन्त्रतामाथिको प्रहार हो भन्ने महासंघको ठम्याइ छ,- महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ। पत्रकार महासंघ झापाका सचिव डिकेश लामासहित पत्रकार महासंघ कोशीका महासचिव विवेक गौतम, प्रेस युनियन झापाका सचिव अर्जुन राजवंशी, क्रान्तिकारीका जिल्ला अध्यक्ष राजु पाठक, प्रेस चौतारीका अध्यक्ष मनकुमार गदाल लगायतले विज्ञप्ति जारी गर्दै पत्रकार धम्क्याउनेलाई कडाभन्दा कडा कार्वाहीको माग गरेका छन्। उनीहरुलाई पत्रकारलाई नधम्क्याउन चेतावनी समेत दिएका छन्।

## घरजग्गा कारोबारमा अझै बढेन 'कन्फिडेन्स'

**काठमाडौँ, वैशााख २३।** अर्थतन्त्रका आन्तरिक तथा बाह्य सूचकहरु सकारात्मक देखिएको भए पनि अझै व्यावसायिक वातावरण निर्माण हुन भने सकिरहेको छैन।

समग्र अर्थतन्त्रको असर घरजग्गा कारोबारमा पनि उत्तिकै देखिएको छ। केही सुधारका सकेङ्तहरु देखिए पनि घरजग्गामा आशातित उपलब्धि हासिल हुन सकिरहेको छैन। भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्याङ्कले सूचकहरु सकारात्मक हुँदाहुँदै पनि घरजग्गा कारोबार पहिलेकै अवस्थामा आउन नसकेको देखाउँछ। स्वयम् व्यवसायीहरु पनि कारोबार माथि उठ्न नसकेको दाबी गर्छन्।

झण्डै साढे तीन खर्ब कूल पुँजी रहेको रियलस्टेटको बैंक तथा वित्तीय संस्थाको कूल ऋणको साढे दुई खर्ब भनेको कूल ऋणको चार प्रतिशत जति हुन आउँछ। आवास ऋणको हकमा साढे छ प्रतिशत जति छ। कम्पनी रजिष्ट्रारको कार्यालयमा भने १८ हजार दर्ता भएका देखिएको छ। अर्थतन्त्रको यति ठूलो हिस्सा बोकेर पनि अहिले कारोबारको ग्राफ सुस्त छ।

गएको एक वर्षको तथ्याङ्क हेर्ने हो भने केही प्रतिशत बढेको तर त्यो अत्यन्त न्यून हो। लिखत पारित आशातित नभएको विभागकै दाबी छ। विसं २०७९ र २०८० साउन-वैशाख १५ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने कारोबार केही बढेको देखिए पनि सन्तोषजनक भने छैन। प्राप्त विवरणअनुसार २०७९ साउनदेखि वैशाख १५ सम्म नौ लाख ४९ हजार आठ वटा लिखत पारित (जग्गा कारोबार) भएका छन्। त्यसबाट रु. २८ अर्ब ९८ करोड ४ लाख बढी राजश्व संकलन भएको छ।

विसं २०८० साउनदेखि वैशाख १५ सम्मको तथ्याङ्कमा भने ११ लाख ३९ हजार ११४ घरजग्गा कारोबार भएको छ। त्यसबाट राजश्व रु. ३४ अर्ब सात करोड ९७ लाख राजश्व सङ्कलन भएको छ। यसलाई जग्गा व्यवसायी महासङ्घ र स्वयम् विभाग पनि कारोबार बढेको भन्न नमिल्ने बताउँछ।

भूमि व्यवस्था तथा अभिलेख विभागका प्रवक्ता एवम् निर्देशक वेदप्रसाद अर्याल भन्छन् - केही बढेको हो तर जसरी कारोबार हुनुपर्ने हो त्यो देखिएको छैन। उनका अनुसार यो बीचमा कित्ताकाट नै रोकिएको थियो। जग्गा वर्गीकरणको विषय पनि थियो। पछिल्लो समयमा सहकारीको समस्या थपिएपछि सहकारीमा जनताका धेरै पैसाहरु फसेको छ। सहकारी सञ्चालक वा सहकारीका नाममा रहेका घरजग्गा कारोबार हुन सकेन। नागरिकका पैसा पनि सहकारीमा डुबेपछि उनीहरुले पनि लगानी गर्न नसक्दा घरजग्गा कारोबारमा नराम्रो प्रभाव पारेको अर्यालको विश्लेषण छ।

भूउपयोग नियमावली संशोधन भएर आएपछि र केही आर्थिक सूचकहरु सकारात्मक भएको तथा राष्ट्र बैंकले पनि घरजग्गा कारोबारमा खुकुलो नीति ल्याएपछि भने केही सकारात्मक देखिएको अर्याल बताउँछन्। उनले विगतका वर्षहरुमा रु. ६८ अर्ब माथि राजश्व सङ्कलन भएकाले चलायमान हुन त्यो भन्दा माथि जानुपर्छ तर अहिलेसम्मको स्थिति हेर्दा आधा मात्रै राजश्व सङ्कलन भइरहेको छ।

**सरकारले पीडा नसुनेको गुनासो**

घरजग्गामा सुस्तता हुनु भनेको यसले कारोबारमा मात्रै असर गर्दैन समग्र अर्थतन्त्र चल्नका लागि पनि असर गर्ने व्यवसायीहरु बताउँछन्। हुन त घरजग्गा कारोबार अनुत्पादक क्षेत्र भए पनि यसले समग्र अर्थतन्त्रको व्यावसायिक वातावरण निर्धारण गर्छ। यसतर्फ सरकारको ध्यान अझै नपुगेको नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहनी बताउँछन्।

(बाँकी अन्तिम पृष्ठमा)

## घर छेउमा बिजुलीको ट्रान्सफर्मर राख्न खोजेको भन्दै विरोध

**झापा, वैशाख २३।** करिव अढाई सय मिटर टाढा रहेको बिजुलीको ट्रान्सफर्मर बाटो विस्तारका क्रममा आफ्नो घरको छेउमा जबर्जस्ती सार्न लागेको भन्दै बिर्तामोड -१० पत्थरभिट्टाका भीष्म दर्नालले न्यायका लागि अपिल गरेका छन्।

बिर्तामोड -१० नं वडा कार्यालय र स्थानीय टोल विकास संस्थाले आफूलाई पेलेर आफ्नो घर छेउको पैनीको जग्गामा ट्रान्सफर्मर राख्न खोजेको उनले गुनासो गरेका छन्। पत्थरभिट्टा जाने सडक विस्तार गर्ने क्रममा बीच बाटोमा परेको ट्रान्सफर्मर सार्ने विषयमा विवाद भएको हो। आफ्नो भान्सा घरको माथि

(बाँकी अन्तिम पृष्ठमा)


## जानकारी सम्बन्धमा

**यस निरन्तर वचत तथा ऋण सहकारीको संस्थाबाट विभिन्न मितिमा ऋण लिई भाका नाघिसकेका ऋणी सदस्यहरुलाई मिति २०८१/०१/२० गते बाट मिति २०८१/०२/१५ सम्ममा आएर सम्पूर्ण कर्जा चुक्ता गरेमा सदस्यलाई सम्पूर्ण हर्जाना तथा जरिवाना छुट गरिने व्यहोरा सबैमा जानकारी गराइन्छ। साथै यस अवसरलाई वेवास्ता गरी पुन : संस्थाको सम्पर्कमा नआए संस्थाले कानूनी प्रकृयाबाट कर्जा असुल गर्ने प्रकृयामा जाने व्यहोरा समेत सबैमा जानकारी गराउँदछौं ।**

ऋण उपसमिति
**निरन्तर वचत तथा ऋण सहकारी संस्था लि.**
विर्तामोड - ५ झापा
सम्पर्क ०२३-५३६३६२

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/०१/२४ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जा असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०१/२५ मा दर्ता नं. ९१७/२५२/१६०१५ कायम भई दर्ता भएको झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ११, स्थित **प्याराडाईज होटल एण्ड लज** **प्रोपाइटर : देव नारायण राजवंशी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भवकलाल राजवंशीको नाति, खड्ग नारायण राजवंशीको छोरा, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **देवनारायण राजवंशी (ना.प्र.प.नं. ०४१०२७/३०१, झापा)**
२. खड्ग नारायण राजवंशीको बुहारी, देवनारायण राजवंशीको पत्नी, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सुशिला राजवंशी (ना.प्र.प.नं. ०४-०१-७०/१८९३१, झापा)**
३. लिला राजवंशीको नाति, भवकलाल राजवंशीको छोरा, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको **खड्ग नारायण राजवंशी (ना.प्र.प.नं. ०४७०७९०९६४, झापा)**
४. भवकलाल राजवंशीको बुहारी, खड्ग नारायण राजवंशीको पत्नी, झापा जिल्ला, कचनकवल गा.पा/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **डुम्को राजवंशी (ना.प्र.प.नं. ७०७९०९६२, झापा)**
५. भवकलाल राजवंशीको नाति, खड्ग नारायण राजवंशीको छोरा, झापा जिल्ला, कचनकवल गा.पा/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **लेख नारायण राजवंशी (ना.प्र.प.नं. ७०७९५१/१, झापा)**
६. खड्ग नारायण राजवंशीको बुहारी, लेख नारायण राजवंशीको पत्नी, झापा जिल्ला, पाठामारी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **पुनम राजवंशी (ना.प्र.प.नं. ४५९५१७३९, झापा)**

**नोट: यो सूचना मिति २०८१/०१/२४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।**

## दक्षिण...

लिएका छन् । इलामकै मोहन थेबेबाट पनि भूपेन्द्रले १ लाख २० हजार रुपैयाँ असुलेका छन् । त्यस्तै ताप्लेजुङको सिरिजंघा गाउँपालिकाका याम सुब्बाबाट डेढ लाख लिएका छन् ।

युवाबाट पैसा उठाउने अर्का व्यक्ति हुन् कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री शमशेर राईका स्वकीय सचिव प्रकाश भट्टराई । नेपाली कांग्रेसका इलाम जिल्ला सदस्य भट्टराईले याम सुब्बाबाट ५० हजार रुपैयाँ उठाएका छन् । त्यस्तै इलामका राजेन्द्र निरौलाबाट भट्टराईले ३ लाख लिएको प्रमाण रहेको बताइन्छ । उनीहरुले राष्ट्रपति रामचन्द्र पौडेल, कांग्रेस सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, नेता सशांक कोइराला, संखुवासभाका सांसद दीपक खड्का, प्रदेशमन्त्री शमशेर राई लगायतसँगको सम्बन्ध देखाएर प्रभावमा पारेको पीडितहरुले बताएका छन् ।

त्यति ठूला मान्छेसँगको उठबस देखेपछि काम गरिदिन्छन् होला भन्ने लागेर पैसा दिएका हौं- अधिकांश पीडितको भनाइ हो यो । कोरिया लैजान उनीहरुले मान्छे हेरेर १५ लाखदेखि २८ लाख रुपैयाँसम्म लाग्ने बताएका थिए । त्यसका लागि कोरियन टिम आएको भनेर युवालाई झुक्याइएको थियो । कोरिया लैजाने भनेर शरुमा युवाहरुलाई भदौमा काठमाडौं बोलाएर भत्केको पाटीमा वेल्डिङ तालिम दिइएको थियो । त्यसमा पनि युवाबाट मनपरी पैसा लिइएको छ । जम्मा १० दिन तालिममा सहभागी गराएर २० हजार लिएको पीडितले बताएका छन् । तर, उनीहरुलाई ६ महिना तालिम दिएको भनेर २०७२ र २०७४ सालतिरका प्रमाणपत्र बनाइएका छन् । त्यो ट्रेनिङ सेन्टर र प्रमाणपत्र पनि नक्कली रहेको स्रोतले जनाएको छ ।

कोरियाको 'सिप बिल्डिङ'मा लैजाने भनेर तालिम लिएका युवाबाट लगत्तै भिसा आउँछ भनेर दशैंअघि नै पैसा उठाइएको थियो । काठमाडौं आउँदा, तालिम लिँदा, बस्दा, खाँदा र फर्किंदा पीडित युवाको अर्को ५०-६० हजार रुपैयाँ खर्च भएको छ । तालिममा करिब चार सय युवा सहभागी भएको झापाका उप्रेतीले बताए । चार सय जनामा दुई सय जना छानेको तपाईंहरु पर्नुभयो भनेर हरेक युवासँग पैसा उठाइएको रहेछ- उनले भने । सीप परीक्षणमा कोरियन नै सहभागी रहेको उप्रेतीले बताए । यसले ठगी कार्यमा कोरियनहरुलाई पनि प्रयोग गरिएको अनुमान गर्न सकिन्छ । सिरिजंघाका याम सुब्बा तीनपटक प्रयास गर्दा वैधानिक तरिकाबाट नभएपछि हैरान भएका बेला ठगी समूहको फन्दामा परेका हुन् । १३-१४ वर्षदेखि झापाको बिर्तामोड बस्दै आएका उनी हाउस वायरिङमा निपूर्ण छन् ।

कोरियन भाषा पढिरहेको थिएँ, ३९ वर्षको भइसकियो, पटक-पटक प्रयास गर्दा पनि जान सकिएको थिएन, छिमेकी भूपेन्द्रसिंहले म कोरिया पठाइदिन्छु भनेपछि पत्याएँ, भइहाल्छ नि भनेर पैसा दिएँ, नमज्जाले फसियो - उनले भने । अहिले पैसा माग्दा थेबेले -जे मन लाग्छ गर, जे सक्छस् गर, सक्छस् भने पुलिस रिपोर्ट गर- भनेर धम्क्याउने गरेका छन् । अब उनीहरु पावर भएका मान्छे, केही गरिहाल्ने हुन् कि भनेर डर पनि लाग्छ,- उनले भने । अर्का इलामकै ज्ञानबहादुर गुरुङले पनि'खास कोरिया पठाउने म पो हो त भन्दै युवाबाट पैसा उठाएका छन् । पैसा उठाउने कार्यको नेतृत्व भने ताप्लेजुङको सिरिजंघा गाउँपालिका -१ स्थायी घर भएका सुरेश इवारामले गरिरहेको अनुमान छ । सुरेश दक्षिण कोरियामा लामो समय बसेर आएका हुन् ।

## घर...

ट्रान्सफर्मर राख्दा दुर्घटना हुन सक्ने भन्दै त्यहाँ नसार्न आग्रह गर्दासमेत सुनुवाई नभएको दर्नालले बताए ।

हाल अटो कुदाएर जीविकोपार्जन गरिरहेका दर्नालले वैदेशिक रोजगारीबाट कमाएको पैसाले १० धुर जग्गा किनेर घर बनाएका छन् । उनको घरको पश्चिमपट्टि करिव ८ फुटको पैनी नक्सामा देखिन्छ । त्यही जग्गामा ट्रान्सफर्मर राख्न खोजिएको हो । म माथि अन्याय भयो -उनले भने,- मलाई न्याय दिलाइदिन सम्पूर्णलाई आग्रह गर्दछु । स्थानीय सरकारले नै अन्याय गर्न खोजेको भन्दै उनले मानव अधिकारवादी, नागरिक समाज, सञ्चारमाध्यमलाई सहयोग गरिदिन अपिल गरेका छन् ।

नम्बरी जग्गामा कसैले सार्न नदिएपछि पैनीको सार्वजनिक जग्गामा ट्रान्सफर्मर सार्न खोजिएको बिर्तामोड -१० का वडाध्यक्ष दुर्योधन गुरुङले बताए । उनले टोल, वडा र नगरले समेत सोही उपयुक्त ठाउँमा ट्रान्सफर्मर सार्ने सहमति जनाइसकेको जानकारी दिए । भान्सा घरलाई असर पर्ने भए भान्सा घर सार्नको लागि क्षतिपूर्तिको व्यवस्था गर्न सकिने उनको भनाइ छ ।

बाटो विस्तारका क्रममा ट्रान्सफर्मर सार्नु पर्दा छेउछाउमै बाटोको साइडमा सार्नुपर्ने कार्यविधि रहेको नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रका प्रमुख सञ्जीवकुमार साहले बताए । स्थानीय उपभोक्ताहरुको माग बमोजिम ट्रान्सफर्मर सार्न लागिएको उनको भनाइ छ ।

## ट्याक्टरको ...

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

मृतक अधिकारी कचनकवल -२ का पूर्व जनप्रतिनिधि चन्द्रशंखर अधिकारीका कान्छा छोरा हुन् । ट्याक्टर, चालक र मोटरसाइकललाई इलाका प्रहरी कार्यालय धुलाबारीले नियन्त्रणमा लिएको छ ।

## घरजग्गा.. .

मुख्य कुरा मानिसमा विश्वसनीयता नै गुमेको अवस्था छ, बाह्य सूचकहरु सकारात्मक भए पनि, ब्याजदर घट्दो क्रममा भए पनि गतिविधि सुस्त भयो । देशको र विश्वव्यापी आर्थिक मन्दीको प्रभाव घर जग्गामा पनि पऱ्यो- अध्यक्ष लोहनीले भने -यस्तो परिस्थितिमा सरकार र राष्ट्र बैंकले अलिकति खुकुलो नीति अवलम्बन गर्नुपर्ने थियो ।


## राहदानी हरायो

बुधवारेबाट चारआली जाने क्रममा यही मिति २०८०।१२।२१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- मनिष खरेल
**ठेगाना**:- बुद्धशान्ति -१, झापा
साविक : बुधवारे -६, झापा
**राहदानी नं.**:- ०९८८१९७५
मोबाइल नं. ९७४२५०१९८१



## अर्जुनधारा जेसीजद्वारा निःशुल्क बेसिक कम्प्यूटर कोष तथा अंग्रेजी भाषा तालिम सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१ वैशाख २३

प्रस्तुत विषयमा अर्जुनधारा जेसीजले अर्जुनधारा नगरपालिका क्षेत्र भित्रका २५ जना विद्यार्थीहरुलाई निःशुल्क Basic Computer Course र १५ जनालाई निःशुल्क General English Language Class यही मिति २०८१ जेष्ठ ०१ गते देखि निम्नानुसारको स्थानमा सञ्चालन गर्न लागेको हुँदा सिक्न इच्छुक महानुभावहरुले मिति २०८१ वैशाख २७ गते विहीवारसम्ममा jciarjundhara@gmail.com मा इमेल गर्नुहुन सम्बन्धित सम्पूर्णमा अनुरोध गर्दछौं ।

निम्न

| Basic Computer Course | | कैफियत |
|---|---|---|
| 1 | विर्तामोड एजुकेशन फाउन्डेशन प्रा.लि, विर्तामोड, झापा | |
| 2 | फरवार्ड एजुकेशन फाउण्डेशन प्रा.लि., अर्जुनधारा, झापा | |
| 3 | एनआइसी कम्प्युटर प्रा.लि, विर्तामोड, झापा | |
| General English Language Class | | |
| 1 | ड्रिम एजुकेशन, विर्तामोड, झापा | |

थप जानकारीका लागि सम्पर्क व्यक्ति
बसन्त बुढाथोकी : अध्यक्ष, अर्जुनधारा जेसीज 9842697039
मनोज सिटौला : महासचिव, अर्जुनधारा जेसीज 9745867500

**आवश्यक कागजात** :
- निवेदन
- नागरिकताको प्रतिलिपि ।
- न्यूनतम् योग्यता SLC/SEE पास भएको हुनुपर्नेछ ।

जेसी बसन्त बुढाथोकी
अध्यक्ष, बर्ष -२०२४
अर्जुनधारा जेसीज



# तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति :-** २०८१।०१।२४

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा कर्जा चुक्ता/भुक्तान गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखी/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य सिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ०७ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग बिर्तामोडमा खोलिने हुँदा बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालो सूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिँदाका बखत व्यक्तिगत जमानी दिने जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल-अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुलउपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकूलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.स. | ऋणी/धितो/व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीन पूस्ते बिवरण | कर्जा शीर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १. | शाखा कार्यालय सुरुङ्गा<br>ऋणीः प्राइभेट फर्म रजिष्ट्रशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय,घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति २०७०/०७/१४ मा प्रा.फ.न.घ.उ.बि.११५/११६/१०९९५रहेको जय वागेश्वरी होटलका तर्फबाट ऐ. का प्रोपाइटर कुलमान लिङदेनको नाति हर्कराज लिङदेनको छोरा नागरिकता बमोजिम झापा जिल्ला, गोलधाप गाउँ पञ्चायत वडा नं. ०३, स्थायी ठेगाना भई हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं.- ०१ बस्ने मिति २०४१।०४।२२ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं ७६१५३०२७ भएको वर्ष ५८ को धर्मेन्द्रप्रसाद लिङदेन । | व्यवसायिक चालू पूँजी कर्जा | धर्मेन्द्र प्रसाद लिङदेनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा, दर्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स. वडा नं. -४, स्थित कि.नं. २०८४ को क्षेत्रफल ०-८-३.५ (वि.क.धु) र कि.नं. ३०२२ को क्षेत्रफल ०-९-६.५ (वि.क.धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | ऋणीः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग अर्न्तगत घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति २०६८/१२/२४ मा प्रा.फ.र.नं. ५३९/३११२ रहेको विजयता ट्रेडर्स तथाप्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय,वाणिज्य विभाग, अर्न्तगत घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति २०७०/०२/१७ मा प्रा.फ.र.नं.७८१/४१९३रहेको पाथिभरा हार्डवेयरका तर्फबाट ऐ.की प्रोपाइटर धन बहादुर लिम्बूकी छोरी धर्मेन्द्र प्रसाद लिङदेनकी पत्नी नागरिकता बमोजिम झापा जिल्ला, शिवगञ्ज गाउँ पञ्चायत वडा नं. ०४, स्थायी ठेगाना भई हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं.- ०१ बस्ने मिति २०४५।०२।११ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ८५२४४६१८ भएकी वर्ष ५३ की पुष्पा लिम्बू । | व्यवसायिक चालू पूँजी कर्जा | धर्मेन्द्र प्रसाद लिङदेनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा, दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. -४, स्थित कि.नं. २३३ को क्षेत्रफल १६९.३२ (ब.मि.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | ऋणीः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७६/०५/०४ मा प्रा.फ.र.नं. १४०/१२२८७ रहेको पाथिभरा डिपार्टमेन्टलका तर्फबाट ऐ. का प्रोपाइटर हर्कराज लिङदेनको नाति धर्मेन्द्र प्रसाद लिङदेनको छोरा नागरिकता बमोजिम झापा जिल्ला, विर्तामोड न.पा. वडा नं -०१ स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने मिति २०७४।०४।२६ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं. ०४-०१-७४-०६०५८ भएको वर्ष २३ को अर्थहाङ लिङदेन । | व्यवसायिक चालू पूँजी र आवधिक कर्जा | धर्मेन्द्र प्रसाद लिङदेनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा, दर्ता कायम रहेका झापा जिल्ला राजगढ गा.वि.स. वडा नं. ९, स्थित कि.नं.७४२० को क्षेत्रफल ०-४-० (वि.क.धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | ऋणीः धन बहादुर लिम्बूकी छोरी धर्मेन्द्र प्रसाद लिङदेनकी पत्नी नागरिकता बमोजिम झापा जिल्ला, शिवगन्ज गाउँ पञ्चायत वडा नं.- ०४, स्थायी ठेगाना भई हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं. -०१ बस्ने मिति २०४५।०२।११ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं ८५२४४६१८ भएकी वर्ष ५३ की पुष्पा लिम्बू । | आवाश कर्जा र व्यक्तिगत ओ.डी. कर्जा | |
| ५. | ऋणीःकुलमान लिङदेनको नाति हर्कराज लिङदेनको छोरा नागरिकता बमोजिम झापा जिल्ला, गोलधाप गाउँ पञ्चायत वडा नं. -०३, स्थायी ठेगाना भई हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०१ बस्ने मिति २०४१।०४।२२ मा जिल्ला कार्यालय झापावबाट जारी गरिएको ना.प्र.नं ७६१५३०२७ भएको वर्ष ५८ को धर्मेन्द्र प्रसाद लिङदेन । | व्यक्तिगत ओ.डी. कर्जा | धर्मेन्द्र प्रसाद लिङदेनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापा मा, दर्ता कायम रहेका झापा जिल्ला चारपाने गा.वि.स. वडा नं. १, स्थित कि.नं. ३०१३ को क्षेत्रफल ०-०-१४ (वि.क.धु) र कि.नं. ३०११ को क्षेत्रफल ०(०(१ (वि.क.धु) जग्गा (सो जग्गामा निर्मित पक्की घर) र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | व्यक्तिगत/धितो जमानीकर्ताः<br>नाम : पुष्पा लिम्बू<br>बाबु : धन बहादुर लिम्बू<br>पति : धर्मेन्द्र प्रसाद लिङदेन<br>ना.प्र.नं : ८५२४४६१८(झापा)<br>ठेगाना :साबिक झापा जिल्ला, शिवगन्ज गाउँ पञ्चायत वडा नं. ०४,<br>स्थायी ठेगाना, हाल : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. -०१ बस्ने । | | पुष्पा लिम्बूको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापा मा, दर्ता कायम रहेका झापा जिल्ला चारपाने गा.वि.स. वडा नं. १, स्थित कि.नं. ४६६६ को क्षेत्रफल ०-०-७.५ (वि.क.धु), कि.न. ४६६६ को क्षेत्रफल ०-०-७.२५ वि.क.धु) र कि.नं.४६६४ को क्षेत्रफल ०-०-६.७५ ( वि.क.धु) जग्गा (सो जग्गामा निर्मित पक्की घर) र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | व्यक्तिगत जमानीकर्ताः<br>नाम : अर्थहाङ लिङदेन<br>बाबु : धर्मेन्द्र प्रसाद लिङदेन<br>बाजे : हर्कराज लिङदेन<br>ना.प्र.नं : ०४-०१-७४-०६०५८ (झापा)<br>ठेगाना : झापा जिल्ला,विर्तामोड न.पा. वडा नं.- ०१, स्थायी ठेगाना,<br>हाल : सोही स्थानमा बस्ने । | | पुष्पा लिम्बूको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा, दर्ता कायम रहेका झापा जिल्ला चारपाने गा.वि.स. वडा नं. -१, स्थित कि.नं. ३८४० को क्षेत्रफल ०-०-१० (वि.क.धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | व्यक्तिगत जमानीकर्ताः<br>नाम : विजयता लिङदेन<br>बाबु : धर्मेन्द्र प्रसाद लिङदेन<br>बाजे : हर्कराज लिङदेन<br>ना.प्र.नं : ०४१०१३।१७६० (झापा)<br>ठेगाना : साबिक झापा जिल्ला चारपाने गा.वि.स वडा नं. ०१, स्थायी<br>ठेगाना, हाल : झापा जिल्ला विर्तामोड न.पा.वडा नं. ०१ बस्ने । | | |
| | व्यक्तिगत/धितो जमानीकर्ताः<br>नाम :धर्मेन्द्र प्रसाद लिङदेन<br>बाबु :हर्कराज लिङदेन<br>बाजे :कुलमान लिङदेन<br>ना.प्र.नं :७६१५३०२७ (झापा)<br>ठेगाना : साबिक झापा जिल्ला, गोलधाप गााउ पञ्चायत वडा नं.- ०३,<br>स्थायी ठेगाना, हाल : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. -०१ बस्ने । | | |

**शर्तहरुः-**

१) बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत (१०%) ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दत्ति रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८) बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( प्रदेश नं. १ कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-543560 | 544010
info@edb.com.np
www.edb.com.np

- कर्जा असुली बिभाग


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल


## सम्पादकीय

# झापाली पत्रकार सम्मानित

**नेपाल पत्रकार महासंघ झापा शाखा देशकै उत्कृष्ट शाखा घोषित हुनु झापामै रहेर पत्रकारिता गर्नेहरुका लागि अत्यन्त सुखद् तथा हर्षको खबर हो । १४औं अधिवेशन सम्पन्न गरिसकेको झापा शाखा त्यसो त विगतमा पनि सर्वाधिक चर्चा र महत्त्वको जिल्लाका रुपमा रहेकै हो । तर, यसपटक नेपाल पत्रकार महासंघको २७औं महाधिवेशनमा झापाको वर्तमान समिति र झापाली पत्रकारहरुको नेतृत्व गर्दै रहेका एकराज गिरीको प्रभावकारी र जीवन्त कार्यहरुले झापा देशकै उत्कृष्ट शाखाका रुपमा मूल्याङ्कन गरिनु सम्पूर्ण झापाली पत्रकारहरुका लागि गौरवको समेत विषय भएको छ । गिरी नेतृत्वको झापा शाखाले पत्रकारहरुको सामाजिक सुरक्षा, पेशागत सिप तथा क्षमता अभिवृद्धि, पुरस्कार तथा सम्मान लगायतका क्षेत्रमा उदाहरणीय कार्य गरेको छ ।**

**गिरीको परिणाममुखी, प्रभावकारी तथा पेशागत हकहितसँगै प्रेस स्वतन्त्रता तथा नागरिकको सुसूचित हुन पाउने हक र वाक तथा अभिव्यक्ति स्वतन्त्रताका प्रवर्द्धनमा भएका गतिविधि नेतृत्वमा आउने र आउन चाहने जो कोहीका अनुकरणीय तथा उत्प्रेरणाका उदाहरण बन्न सक्छन् । त्यसै पनि उनको नेतृत्व गर्ने क्षमता, समाजका अन्य संघ-संस्थाहरुमा समेत प्रशंसाका विषय बनेकै हो । पदकै लागि मरिहत्ते गर्ने र पदासीन भएपछि सिन्को नभाँच्ने आम प्रवृत्ति र चरित्रका बीच उनको एकदिन पनि हात बाँधेर नबस्ने र समाजलाई नवीनता दिने हुट्हुटी र कर्मठतापूर्वक लागीरहने चरित्रले झापाकै गौरव बढाएको छ । महासंघ झापा शाखाको पछिल्लो कार्यकाल भवन स्तरोन्नति, नियमित आयस्रोतको व्यवस्थापन, उपचार कोषको पूर्णता, विविध विधाका पुरस्कारको स्थापना, अग्रजहरुको सम्मान, पुरस्कारको राशि वृद्धि, ई-लाइब्रेरी, भौतिक तथा आन्तरिक व्यवस्थापन, अभिलेखीकरण, भित्तेपात्रो, वेवसाइटका प्रकाशन लगायतका कारण सधैँ चर्चामा रह्यो ।**

**इतिहास योगदानको अभिलेख हो । पत्रकार महासंघ झापाले विगतमा इतिहास निर्माण गरेकै हो । स्थापनादेखि आजपर्यन्त आइपुग्दा विधानतः धेरै नेतृत्वहरु आए र गए । प्रेस स्वतन्त्रता तथा नागरिक हकको स्थापना, संरक्षण र प्रवर्द्धनमा विभिन्न कालखण्डमा झापाले उल्लेख्य भूमिका निर्वाह गरेकै थियो । त्यही क्रममा एकराज गिरीको नेतृत्वको यो कार्यकाल पत्रकारहरुको क्षमता विकास, व्यवसायिकता र सामाजिक सुरक्षाका दृष्टिले समेत अत्यन्त उपलब्धीमूलक सावित भएको छ । राम्रो कामको सम्मान गर्नु महानता हो, जसले समाजलाई असल काममा लाग्न उत्प्रेरित गर्छ । उनले निर्माण गरेको झापा शाखाको गौरव जोगाएर देशकै नमूना शाखा बनाउन अब आउने नेतृत्वले आजको विन्दुबाट त्यस्तै यात्राको आरम्भ गरुन् । अहिलेलाई झापाली पत्रकारलाई बधाई छ ।**



# नेपालवाद नेपालको समाधानको बाटो



**तीर्थराज खरेल**

नेपाली राजनीतिको सबैभन्दा दुःखलाग्दो कुरा भनेको नेपालमा एक सय चार वर्षे जहानियाँ राणा शासनको समाप्तिपछि कुनै पनि सरकारले पाँच वर्षे कार्यकाल पूरा गर्न पाएका छैनन् । सदैव मुलुक अनिर्णीत र अनिश्चित भविष्य बोकेर हिँड्न अभिषप्त छ । सँगसँगै आधुनिकतामा प्रवेश गरेका र प्रजातान्त्रिक राज्यव्यवस्था आत्मसात गरेका भारत, चीन, दक्षिण कोरिया, मलेसिया, सिंगापुर आज कहाँबाट कहाँ पुगिसके, नेपाल भने दुःखको भुँवरीमा जेलिन बाध्य छ ।

राणा शासनपछि २००७ सालदेखि २०१५ सालसम्मको सङ्क्रमणकालमा मात्र होइन, जनमतबाट २०१६ सालमा गठन भएको वीपी कोइराला नेतृत्वको जननिर्वाचित सरकारलाई सैनिक 'कू देताँ' अर्थात् तख्ता पलटको कोपभाजनमा पारेपछि एकछत्र शासन गर्ने राजतन्त्रात्मक एकदलीय पञ्चायती व्यवस्थाको सम्पूर्ण कार्यकालमा पनि कुनै पनि प्रधानमन्त्रीले आफ्ना योजना र परिकल्पनाका साथ काम गर्न पाएनन् । राजाको गुलामी र त्रासमा काम गर्नुपरेको थियो हरेक पञ्चायती प्रधानमन्त्री र मन्त्रीहरूले ।

सबै प्रधानमन्त्रीहरूले निगाहाका भरमा छोटो-छोटो अवधि शासन गर्दै कुर्सीबाट थाहै नपाई वा अपमानजनक तरिकाबाट हटाइनुपरेको तीतो इतिहास छ । यस्तो राजनीतिक अस्थिरता र अस्तव्यस्तताको अन्त्य गर्दै मुलुकमा नेपालपक्षीय, जनपक्षीय काम गर्न २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । नेकपाले दुःखी, दरिद्र नेपालीको मुहारमा मुस्कान ल्याउन सकियोस् भन्ने महान सोचका साथ आफ्नो पार्टी घोषणापत्र सार्वजनिक गरेको थियो । त्यसै गरी, २००५ सालमा उदार लोकतन्त्र र प्रजातान्त्रिक समाजवादको पक्षधर दावी गर्दै नेपाली काङ्ग्रेस स्थापना गरिएको थियो ।

जनताबाट २०४६ सालको प्रजातन्त्रको पुनःस्थापनापछि २०४८ साल र २०५६ सालको आम निर्वाचनमा नेपाली कांग्रेसलाई आरामदायी बहुमत दिइएको थियो भने जनताले ठूलो आशाका साथ २०६४ सालको संविधानसभाको निर्वाचनमा दश वर्षे जनयुद्धको राप र तापबाट सतहमा आएको पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पार्टी नेकपा (माओवादी) लाई प्रत्यक्षतर्फ स्पष्ट बहुमत प्राप्त भएको थियो । तर, जहिले पनि दिने भनेको जनताको भागमा परेको छ भने जनताको मतादेशलाई एमाले र मालेको अवतारमा होस्, चौरहत्तरे र छत्तीसेको आवरणमा अथवा नागरिक सर्वोच्चता ठूलो कि न्यायिक सर्वोच्चता ठूलोको बखेडामा होस्, व्यक्तिगत र गुटगत स्वार्थमा मतादेशलाई दुरूपयोग गर्दै विश्वासघात नेतृत्व तहबाट हुँदै आएको छ । आन्तरिक वा वाह्य शक्तिकेन्द्रको प्रत्यक्ष वा परोक्ष योजना र दबाबमा जनअभिमतलाई कुल्चँदै जनअपेक्षा माथि बर्फिलो पानी खन्याउने उपक्रमको पुनरावृत्ति निरन्तर भइरहेको छ ।

हामी हाम्रो देशको विकासलाई सिंगापुर वा दक्षिण कोरिया वा मलेसियाको जस्तै हाराहारीमा पुऱ्याउन चाहन्छौं । तर, त्यहाँबाट हामी सिक्दैनौं र सिकेका विषयवस्तुलाई नेपाली माटो अनुरूप लागू गर्न आवश्यक गृहकार्य गर्दैनौं । नेपालको संविधान २०७२ जारी भएपछिको पहिलो आम निर्वाचन, प्रदेश तह र स्थानीय तहका निर्वाचनमा मुलुकका बहुमत तह, प्रदेश र संसदमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रको गठबन्धन विजयी भएको थियो ।

त्यही सहकार्य अन्ततः पार्टी एकतामा रुपान्तरित हुन पुग्यो र नेपालको इतिहासमा पहिलो पटक आरामदायी बहुमत साथ जनअनुमोदित भएर जनताको अभिमतबाट श्रेष्ठता हासिल गरेर मात्र कम्युनिष्टहरुले शासन गर्नुपर्छ भन्ने शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने धार र बन्दुकको बलमा टिकेको राज्यसत्तालाई बन्दुककै बलमा परास्त गरी कम्युनिष्ट शासन स्थापना गर्नुपर्छ भन्ने सशस्त्र संघर्षमा विश्वास गर्ने मुख्य धारका बीच एकता सम्पन्न भई नेपाली कम्युनिष्ट आन्दोलन तथा नेपालको राजनीतिकै मूलधारका रुपमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्न सफल भयो । तर, केही समय व्यतीत गरेपछि नेकपाभित्र विवाद, विग्रह र विखण्डनको अभ्यास शुरु भयो ।

आन्तरिक किचलो सैद्धान्तिकभन्दा पनि असैद्धान्तिक विषयवस्तुमा केन्द्रित थियो र कतिपय नेताहरु यो घरझगडालाई सिद्धान्तको माला पहिऱ्याएर चिनियाँ वा रुसी कम्युनिष्ट पार्टीहरुमा भएका विवाद र महाविवाद जसरी प्रस्तुत गर्न कोशिस गरे । एकताको ऊर्जा बचाउन आवश्यक सङ्क्रमणकालीन कार्यदिशा, नीति तथा सहमति र सहकार्यको आधारमा चल्ने सम्झौता लत्याउदै अल्पमतीय लघुताभाषबाट ग्रस्त हुने र बहुमतीय अहंकारको अग्निमा रापिँदै विजयको डङ्का पिट्ने दुर्भाग्यपूर्ण अवस्था सृजना भयो । यो भन्दा पनि दुर्भाग्यपूर्ण कुरा यो किचलो पार्टी हित विपरित छ भनेर शिर ठाडो पारेर सच्चाइ बोल्ने कार्यकर्ता हराउँदै गए । सङ्कटका बेला पार्टी एकता बचाउन इमानका साथ सत्य बोल्नेहरू पनि न्यून संख्यामा भए किनभने बहुसंख्यामा कार्यकर्ता गुटउपगुटको उपग्रह बनेर सही र गलत छुट्याउन नसक्ने भएका थिए ।

सपना एउटा काम अर्कै । यो कुरा नेपाली जनताको चाहना होइन । यो किचलो एकताबद्ध पार्टीलाई तहसनहस बनाउँदै राजनीतिक अस्थिरता सिर्जना गराउन गरेको चलखेललाई मद्दत गर्नु हो भनेर नबुझ्नु मुर्खता शिवाय केही थिएन । जसरी राजा वीरेन्द्र र उनको वंश विनाश गर्न राजदरबारभित्रकै अन्तरविरोधलाई उपयोग गरियो, त्यसरी नै मुलुकको राजनीतिक स्थिरता बिथोल्न र सङ्क्रमणको चक्रव्यूहमा मुलुकलाई फँसाएर आफ्ना अभिष्ट पूरा गर्न कम्युनिस्ट पार्टी एकतामा दरार पैदा गर्ने र मुलुकको स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्रलाई संक्रमणको मलिलो जमिन प्रदान गरेर विकास निर्माणका काममा ढिलासुस्तीको श्रृङ्खला शुरु गर्ने कुचेष्टा भयो, जुन दुःखद् पक्ष थियो । दुई तिहाइ हाराहारीको मतादेश र राजनीतिक स्थिरताको जग बसाल्ने जनादेश प्राप्त नेकपाको सरकार आफ्नै पार्टीका कारण जनअपेक्षाको सम्बोधनमा असफल भएर जनताबाट दण्डित पनि भयो । त्यसको मार नेपाली जनतालाई परिरहेको छ । त्यसपछि अस्थिरताले टाउको उठाएको छ ।

एउटा प्रधानमन्त्रीलाई असफल बनाउनु भनेको मुलुक असफल हुनु हो । हातगोडा बाँधेर सरकारलाई दौड प्रतियोगितामा भाग लिन बाध्य पार्नु गलत हो । सरकारलाई सहमति र सहकार्यको मार्गादेश अनुरूप पार्टीहरूले स्पष्ट दिशानिर्देश गर्नुपर्नेमा सरकार ढाल्ने र बनाउने खेल चलिरहेको छ । नेकपाका विभिन्न घटकको मात्र होइन, मुलुकको सबैभन्दा पुरानो भनी दाबी गर्ने पार्टी नेपाली कांग्रेसको पनि अवस्था उही छ । सरकार बनाउने र भत्काउने खेलाडीको रूपमा अग्रिम मोर्चामा आफूलाई उभ्याएर मुलुकमा अस्थिरताको बीऊ रोप्ने काम सबैभन्दा बढी नेपाली कांग्रेसबाटै भएको छ ।

आजको मूल प्रश्न भनेको विश्वकै उत्कृष्ट मानिएको नेपालको संविधान २०७२ ले देखाएको समाजवादउन्मुख राज्यव्यवस्थाको स्थापनाका लागि आवश्यक उपचरणका निम्ति आवधिक रूपमा पूरा गर्नुपर्ने कार्यभारका के योजना हुन सक्छन्, आर्थिक, सामाजिक, प्रशासनिक, शैक्षिक लगायतका क्षेत्रमा कस्ता योजना आवश्यक पर्छन् र ती रणनीतिक तथा कार्यनीतिक योजनालाई कार्यान्वयन गर्न कस्तो संरचना, संगठन र कार्यक्रम चाहिन्छ जस्ता मूलभूत प्रश्नको उत्तर मुलुकले खोजिरहेको छ ।

यस सम्बन्धी आवश्यक चिन्तन मुलुकको विकास र समृद्धि चाहनेले गर्न आवश्यक छ । प्रचण्डको सरकार बन्नु नै नेपालमा समाजवादी सत्ता स्थापना भएको मान्न सकिँदैन । आजको सरकार कम्युनिष्ट सत्ता पनि होइन र कम्युनिस्टको एकलौटी सरकार पनि होइन । राजनीतिको उद्देश्य सत्ता प्राप्ति मात्र होइन, सत्तामार्फत मुलुकको सकारात्मक रूपान्तरण हो । नेतृत्वको आँखा सिंहदरबारको कुर्सीमा मात्रै पर्नु हुँदैन । जुन पार्टीसँग समाजवादको आधार खडा गर्ने वैचारिक अस्त्र छैन, ठोस योजना छैन र आलोचनात्मक चेत भएका कार्यकर्ताको दस्ता छैन, त्यसले समाजवादको स्थापना गर्ने कुरा फगत भ्रम हो, सरकार परिवर्तन गर्नु भनेको कुर्सी साटासाटको तयारीको नौटंकी मात्र हो ।

यो सच्चाइलाई प्रधानमन्त्री हुनेले बुझ्न जति जरुरी हुन्छ, त्यति नै र अझ भन्ने हो भने अझ बढी सबै पार्टीका नेता र कार्यकर्ताले बुझ्न जरुरी छ । हरेक पार्टी एकता, संघर्ष र रूपान्तरणको अविच्छिन्न श्रृङ्खला आत्मसात गर्दै आत्मगत र वस्तुगत घटना रूपान्तरणको दिशामा अघि बढ्ने हुन्छ । यही इतिहासका घटना तथा परिघटनाहरुको सच्याइलाई बुझेर द्वन्दवादको आयामबाटै सबै विषयको छिनोफानो हुन्छ, यो आन्दोलनको अभिष्ट हो । तर, खास-खास घटना परिस्थिति अथवा सङ्क्रमणकालीन अवस्थामा निश्चित समयको लागि सहमति द्वन्द्ववाद अर्थात् निष्कर्ष र निर्णयको स्रोत पनि हो भन्ने भुल्नु हुँदैन । यिनै शाश्वत नियमहरुको जगमा टेकेर मुलुकको समस्या हल हुने निश्चित आधार निर्माण गर्न आवश्यक छ ।

नेपाल पक्षीय, नेपालवादी सोच, चिन्तन र कार्यक्रमले मात्र मुलुकको भलो गर्ने हो । हाम्रा देशका नेतागणको बीचमा देखापरेका विवादका आत्मकेन्द्रित र अवसरवादी सीमाहरु छरपष्ट भएका छन् । जुनसुकै कोणबाट सृजित विवादहरुको उचित समाधान सहमति कै विधिबाट गर्नुपर्ने प्रस्तावना तात्कालिक सच्चाइ हो । राजनीतिशास्त्रले कमजोरीबाट शिक्षा लिन र इतिहासले सार्वभौम नियम आत्मसात गर्न उत्प्रेरित गर्छ ।

मुलुकको राजनीतिलाई सही दिशानिर्देश गर्न दीर्घकालीन प्रकृतिको स्पष्ट र मूर्त राष्ट्रिय मार्गचित्र कोर्नुपर्छ र त्यसको आलोकमा सरकारले जनताको काम गर्नुपर्छ । यो युगीन दायित्वबाट नेतृत्व विमुख हुँदैछ । विचार, सिद्धान्त, दर्शनमा बहस छलफल, मतमतान्तर, वाद विवाद, खण्डनमण्डन हुनसक्छ । तर, निहित स्वार्थपूर्तिका लागि सिङ्गो मुलुकलाई षाडयन्त्रिक दुश्चक्रमा फँसाउने कमजोरी गर्नुहुँदैन । जिम्मेवारीबोध र जवाफदेहिताका साथ सिर्जनात्मक र सकारात्मक भूमिका खेल्दै प्रतिशोध तथा निषेधको राजनीति होइन सहमति र सहकार्यको समभावको बाटो अवलम्बन गर्दै इतिहासले सुम्पेका युगीन अभिभारा पूरा गर्ने मार्गबाट नेतृत्व विचलित हुनुहुँदैन ।

अब गुटको नेता होइन पार्टीको नेता बन्न र अन्ततः मुलुकको नेता बन्न आवश्यक छ । राजनेता बन्न सजिलो छैन । जनताजनार्दनको मनमा सजिन सिंहदरबारको भित्तामा फोटो झुण्ड्याएर हुँदैन । गणेशमान सिंह, पुष्पलाल श्रेष्ठ, मदन भण्डारी प्रधानमन्त्री वा राष्टूपति भएनन्, तर उनीहरु जनजनका मनमनमा छन् । कति प्रधानमन्त्रीको नाम पनि जनतालाई स्मरणमा छैन । लोभलालच, महत्वाकांक्षा र कार्यशैलीका कारण विवाद, मनमुटाव वा स्वार्थ बढेर गएको हो । एकले अर्काको काँधबाट विरोधीतर्फ बन्दुक पड्काउँदै अर्को पक्षलाई तर्साउने, जुधाउने र जुधाएर लाभ लिने दाउपेचले मुलुक बन्दैन । अब सबैले जनमतको अपेक्षा वस्तुगत परिस्थितिको ठोस विश्लेषणका साथ राष्ट्रिय मार्गचित्र अनुरुप उचित विचार, सिद्धान्त, कार्यदिशा, कार्यनीति र रणनीतिको विकास जरुरी छ । अविवेक, अधैर्यता, आघात, असहिष्णुता, गैरजिम्मेवारी, असहयोग र विमति आजका हाम्रा शत्रु हुन् । हामी पराइ हावाबाट जोगिन आवश्यक छ । विकास र समृद्धिको लामो यात्राका यात्रीहरुलाई दिग्भ्रमित बन्ने छुट छैन । अहंकारको ऐठन र उल्का वर्षाबाट जोगिन आवश्यक छ ।

निष्कर्षमा भन्ने हो भने हाम्रा अग्रजका सोचले उज्यालो दिने हो, विश्वास दिने हो, साहस दिने हो, तर अगाडि बढ्ने बाटो आजको पुस्ताले तयार गर्ने हो । मूल विषय पार्टी आजका युगीन अभिभारा पुरा गर्न सिद्धान्त, कार्यनीति तथा रणनीति र कार्ययोजना तयार गर्ने हो । स्वदेश र विदेशका अग्रजका सन्दर्भबाट पाठ सिक्ने हो, वर्तमानमा उभिएर दूरदर्शी मस्तिष्क र कुशल हातहरुले भविष्यका योजना कोर्ने हो । यो अभिभारा आजका पुस्तामा आएको छ । तसर्थ, समृद्ध र समुन्नत नेपालको निर्माण गर्न नेपालवादी हुन आवश्यक छ, निःस्वार्थ र नेपालपक्षीय हुन जरुरी छ ।

*tirthakharel2028@gmail.com*

# मानवीय जीवनशैलीमा मेसिनको प्रभाव

**कुमार भट्टराई**

हामीले प्रयोग गर्ने कलम, कम्प्युटर, प्रिन्टर लगायत सबै मेसिन नै हुन् । समयको परिवर्तनसँगै मेसिनको आकार र क्षमतामा विकास भइरहेको छ । मानिसले प्रयोग गर्ने भाला, खुकुरी वा बन्चरो जो बल र गतिको माध्यमबाट मानिसले चाहेको काम सहज गरिदिन्छ, यी पनि मेसिन नै हुन् । मेसिनको विकासक्रमले मानिसको जीवनशैलीमा सहजता थपिएको छ भने मेसिनले पनि उत्कृष्ट सेवा प्रदान गर्न मेसिनमा कृत्रिम बौद्धिकता ( एआई) समेत प्रयोग हुन थालेको छ । कृतिम बौद्धिकता समेतको मेसिनको प्रयोगले मानव जीवनशैलीमा ठूलो परिवर्तन ल्याएको छ । समग्र समाजको विकासमा मात्र नभई स्वास्थ्य, शिक्षा र सञ्चार क्षेत्रमा एआईले पुऱ्याएको उपलब्धि २१औँ शताब्दीको प्रविधि विकासको क्षेत्रको ठूलो उपलब्धि हो ।

मेसिनको विकासक्रमलाई बढो सचेत तबरले नियाल्दै र आफूलाई अझ मेसिनमैत्री बनाउन आजका मानिसका लागि अपरिहार्य भइसकेको छ । यसले मानिसलाई मेसिन जति नै फुर्तिलो बनाउनुपर्ने बाध्यता थप्दै पनि गएको छ । प्रविधिका कारण जीवन जति सहज भएको छ, त्यति नै प्रविधिको उपयोगको लतले हामीमा विभिन्न समस्या पनि सिर्जना गर्दै गइरहेको छ । मोबाइल आउनुभन्दा पहिले धेरै साथीभाइका टेलिफोन नम्बरहरु हामीलाई स्मरण हुन्थ्यो । आजभोलि हजारौं नम्बरहरु मोबाइलमा भण्डारण गरेर राखेका हुन्छौं । यसले ती टेलिफोन नम्बरहरु खोजेको बेलामा मेसिनमार्फत उपलब्ध हुन्छ । तर, पहिले जस्तो हामीले स्मरण गरिरहेका हुँदैनौं । यसबाट एउटा शङ्का उत्पन्न भएको छ कि कतै हामी हाम्रो स्मरण क्षमतामा ह्रस ल्याइरहेका त छैनौं ? मेसिनको प्रयोगले हाम्रो स्वास्थ्यमा प्रभाव परेको त छैन ? यी र यस्ता विषयवस्तु जनस्तरमा छलफल गर्नुपर्ने बेला भइसकेको छ । केही समय अगाडि केहीबेर मात्र फेसबुक उपयोग गर्न नपाउँदा हामी प्रविधिको लतमा फसेका छौं कि भन्ने पनि देखियो ।

विद्युतको आपूर्ति केही समयका लागि मात्र रोकिने हो भने हामीले प्रयोग गर्ने मेसिनमा धेरै नै प्रभाव पर्छ । त्यसबाट हाम्रो जीवनशैलीमा प्रभाव पर्ने निश्चित छ । त्यसैले मेसिन तथा प्रविधिको प्रयोगमा मानिस सचेत हुनु जरुरी छ । मेसिन नै प्रयोग नगरौं भन्ने त होइन, तर मेसिनमा सामेल एआईले हामीलाई थाहा नपाउँदो तरिकाले मेसिन प्रयोगको लत बिसाइरहेको छ । आउँदा दिनमा झन् धेरै उच्चतम् प्रविधि सामेल भएका मेसिनहरु बन्दैछन् र बजारमा सहज उपलब्ध हुने अवस्था छ । किनकी हरेक देशले आफ्नो उन्नतिलाई मेसिनको विकासक्रमसँगै गाँसेका छन् । आजका दिनमा संरा अमेरिका, चीन, ताइवान, जापान, जर्मनी, इजरायल, रसिया लगायतका देशले नयाँ-नयाँ प्रविधिको आविस्कार गरेर प्रविधिको उच्चतम् प्रयोग गरी विकास गरिरहेका छन् । यद्यपि, इतिहासमा एसिया विकासमा धेरै अगाडि थियो । एसियाभन्दा झण्डै एक हजार वर्षपछि मात्र युरोपेली नागरिकहरु नयाँ-नयाँ आविस्कारमा लागेका देखिन्छन् । अबका दिनमा हामी संसारसँग कसरी सूचना तथा सन्देश आदानप्रदान गर्छौं भनेर एआई, पाइभ जी, ब्लकचेन, एआर, भिआर, क्यान्टम कम्प्युटिङ र लट जस्ता प्रविधिले निर्धारण गर्ने छन् । जोन म्याक् कार्थीलाई हामीले कृत्रिम बौद्धिकताको जननी भन्न सक्छौं । कृत्रिम बौद्धिकताको अन्वेषण अलेन टुरिङ, मार्भिन मिस्काई, अलेन नेवेल र हर्बट ए समेतको संलग्नतामा भएको हो ।

स्मार्ट भन्ने शब्दको मेसिन प्रयोग गर्दै हुनुहुन्छ भने तपाई एआई प्रयोगकर्ता हो । घण्टी लाग्ने घडी आज परिस्कृत भएर निन्द्राबाट ब्युँझाउँदै गर्दा बाहिर पानी परिरहेको छ र तपाईं सधैँजसो अफिस जाने बाटोमा पुल भत्किएको छ, तपाईंले वैकल्पिक मार्ग प्रयोग गरी जाँदा एक घण्टा थप समय लाग्छ भनेर सन्देश प्रवाह गर्न थालिसकेको छ । त्यो स्मार्ट अर्लाम भनेको एआई हो । तपाईंले नाडीमा बाँधेको घडीले प्रेसर उच्च भएको छ, औषधि खानुभयो भनेर एकाएक बाटोमा हिँड्दै गर्दा तपाईंको मार्ट घडीले सन्देश प्रवाह गर्दै गऱ्यो भने एआई तपाईंले प्रयोग गरेका कारण तपाईंको स्वास्थ्यप्रति चिन्ता देखाइरहेको छ भन्ने मेसिनको सामर्थ्य हो र त्यो नै आजको विकसित मेसिन हो । अनलाइन सपिङका लागि ब्राउजिङ गर्दैगर्दा ब्राउजिङ र यसअघिको सामान खरिदको सूचीको आधारमा तपाईलाई मन परेका र छनोट गर्दै गरेका सामानहरु नै लगातार तपाईंलाई देखाइरहन्छ, त्यो पनि एआई हो । यसबाट तपाईको समय सदुपयोग भएको छ ।

हामीलाई मेसिनले आर्थिक कारोबार, स्वास्थ्य सेवा यहाँसम्म कि चलाउने मोटरगाडी समेत एआई प्रविधिबाट नै प्रत्येक क्षण सघाइरहेका हुन्छन् । कुन कम्पनीको शेयर किन्ने वा शरिरको तौल दुरुस्त राख्ने, डाक्टरले दिएको निर्देशन अनुसार विभिन्न पद्धतिमध्ये कुन समयमा के गर्नु ठीक होलासम्म भन्ने कुरा एआईले नै मार्गदर्शन गरिरहेको अवस्था छ । हामीले जति परिस्कृत एआई प्रयोग गर्दै जान्छौं, त्यति नै थप सेवा तथा सुविधा दिन मेसिन सबल हुनेछ । शुरुका दिनमा सिन्हवा समाचार समिति र सोगोउ अफ चाइनाले समाचार रिपोर्टिङ उद्देश्यका लागि एआई विकास गरेका थिए । छिमेकी देश भारतमा 'सना' नामको एआई समाचार बाचिका प्रख्यात कार्यक्रम प्रस्तोता रोबर्ट हो । एआईले आफूलाई मन पर्ने मानिसका लागि कविता लेखिदेउभन्दा लेखिदिने अवस्थामा हामी पुगेका छौं भने फिडब्याकका आधारमा एआई आफैं परिस्कृत समेत बन्दै जान्छ, पत्रकार, कवि, लेखक, कलाकार सबैलाई एआईले सहयोग पुऱ्याइरहेको छ ।

समय परिवर्तन गतिशिल छ, गतिलाई प्राविधिक पाटोबाट नियाल्दा काल, गुरुत्वाकर्षण र स्पेस जस्ता आयामबाट बुझ्न सहज हुन्छ । सामाजिक परिवेशमा परिवर्तन प्रायःजसो सकारात्मक हुन्छन् र त्यसबाट प्रलय वा अनिष्टको अवस्थामा बाहेकमा सिर्जनशीलता समेतको विकास हुँदै जान्छ । ढुङ्गे युगको सूचना तथा सञ्चारको आदानप्रदान अत्यन्तै सीमित कोडहरूबाट हुन्थ्यो भने सङ्केत विकास हुँदै जाँदा लिपिबद्धताले लेखन कला विकास भएको थियो । यस क्रमबाट नै भाषा र भाषिकाहरूले संग्रहित हुन पाए । तर, हरेक परिवर्तनमा प्रविधि नङ्ग र मासु जस्तै अन्तनिहित रहे । मानव जीवनशैलीमा विज्ञान र प्रविधिकै कारण यो स्थानसम्म आइपुगेको हो । हामीले अडियो, भिडियो मार्फत सूचना आदानप्रदानको एक युग पार गरिसकका छौं । हरेक कुराको विकास भनेको सूचना तथा सञ्चारमा समृद्ध समाज हो । कुनै पनि परिवर्तन सूचना सञ्चारको यथेस्ट प्राप्तिबाट हुने गर्छ । सञ्चारजगतको मूल्यमान्यता मर्यादित बनाउन सकेनौं भने यसवाट समाजको विकास हुन सक्दैन । त्यसैले सञ्चार उद्यमी, सञ्चारकर्मी, मूलधारका सञ्चार उद्योगहरू जिम्मेवार छन्, रहन्छन् र रहनु पनि पर्दछ । पर्चा छरेर, भित्तेलेखन गरेर त्यसपछि माईकिङ गर्दै सन्देश प्रवाह गरेर विश्वभरि राजनीतिक परिवर्तन भएका छन् । सूचना नै शक्ति हो भन्ने आज स्थापित भइसकेको छ । अहिले हामी विभिन्न कला, पम्पलेट, पोष्टर, पत्रपत्रिका, हुँदै रेडियो प्रसारण, दूरदर्शन प्रसारण र इन्टरनेटको विकासक्रम सम्म पुगिसकेका छौं ।

हामी आन्तरिक सञ्चारलाई प्रविधिमार्फत विश्वव्यापीकरण गरिसकेका हुनेछौं । एलन मस्कको न्युरालिङ्कले विकास गर्दै गरेको विसिआई प्रविधिलाई मानव हितको मूल्यमान्यतामा प्रयोग गर्दा संसारका सबै मानिस एउटै सर्भरमा गासिने निश्चित छ । मानव शरीर पनि अनगिन्ति ट्रान्समिटर र रिसिमर भएको वायलोजिक संयन्त्र हो । यो संयन्त्रमा विसिआई प्रयोग गरेपछि हाम्रो मस्तिष्कको हरेक गतिविधि रेकर्ड गर्ने र त्यसलाई प्रयोग गर्ने क्रमको शुरुआत हुनेछ । यी नयाँ सूचना तथा सन्देशहरू यदि इन्टरनेटमार्फत हामीले लिङ्क र शेयरको अधिकार सुनिश्चित गर्ने विश्वव्यापी कानूनको निर्माण गर्न सक्यौं भने सूचना तथा सञ्चारका अहिले हामीले उपयोग गरिरहेका प्रविधिमा विश्वका करिब आठ अर्ब मानिसको बौद्धिकता एकापसमा सङ्गठित हुनेछ । यो अनौठो र अद्वीतिय नेटवर्किङले आउँदो दशकमा सूचना तथा सञ्चार आदान प्रदानको उच्चतम बाटो खाल्ने छ भने सूचना संकुचन गर्ने अवस्था रहने छैन ।

*(भट्टराई ब्रोडकाष्टिङ एसोसिएसन अफ नेपाल (बान)का केन्द्रीय अध्यक्ष हुन्)*



**खरबुजाको व्यापार**: मोरङको सुन्दरहरैंचा नगरपालिकास्थित विराटचोक बजारमा बिक्रीका लागि राखिएको खरबुजा। गर्मीयाम शुरु भएसँगै खरबुजाको माग धेरै हुन्छ। यहाँ केजीको होलसेल रू. ३० तथा खुद्रा ४० मा खरिदबिक्री हुने गरेको छ।
*तस्वीर : रासस*

# एमाले भोजपुरको अध्यक्ष खड्का निर्वाचित




**भोजपुर, बैशाख २३।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटी भोजपुरको अध्यक्षमा मक्करबहादुर खड्का निर्वाचित भएका छन्।

पार्टीको नवौं अधिवेशनले पूर्वअध्यक्ष शरणकुमार राईलाई पराजित गरी खड्का निर्वाचित भएका हुन्। पार्टी उपाध्यक्षमा किरण राई, सचिवमा एक्सन राई, उपसचिव खुलातर्फ दौलथकुमार कुलुङ, उपसचिव महिलातर्फ रमादेवी राई विजयी भएका छन्।

नयाँ नेतृत्व चयनका लागि ८१ वटा वडाका छ सय आठ प्रतिनिधि मध्ये पाँच सय ७३ जनाले मतदान गरेका थिए।

सर्वसम्मत नेतृत्व चयन हुन नसकेपछि पाँच पदाधिकारी, पाँच खुला सदस्य र तीन खुला महिला सदस्यका लागि निर्वाचन भएको थियो।

खुला सदस्यमा इन्द्र थापा, रेवतीरमन थापा, बद्रीनाथ निरौला, राजेश कटुवाल, नवीन प्रधान तथा महिला सदस्यतर्फ आशादेवी राई, सुस्मिता राई र संगीता कँडेल निर्वाचित भएका छन्।

# स्थानीय आन्दोलित, सडक बन्द

– छविराज ढकाल

**पथरीशनिश्चरे, बैशाख २३।** निर्माण कम्पनी कान्छाराम कन्ट्रक्सनले सम्झौता अनुसार काम नगरेपछि पीडित उपभोक्ताहरुले मोरङको पथरीशनिश्चरे हुँदै दक्षिण जाने मनमोहन गान्धी सडक पुनः बन्द गरेका छन्।

ठेकेदारले सहमति अनुसार काम नगरेको भन्दै पथरीशनिश्चर-९ स्थित महेन्द्र चोकमा उपभोक्ताहरुले सडकमा होप पाइप, ढुङ्गाहरु र बाँसले बारेर सडक अवरोध गरेका हुन्। पुनः काम नथालेसम्म सडक नखोल्ने सडक संघर्ष समितिको सहसंयोजक सुमन बनेमले बताएका छन्।

मोरङ पथरीशनिश्चरे-१० स्थित मनमोहन गान्धी सडक शिविरडाँडाबाट दक्षिण रंगेली जाने सो सडकमा सम्झौता गरे अनुसार निर्माणमा ढिलासुस्ती गरेको स्थानीयको आरोप छ। हिउँदमा धुलो र बर्षातमा हिलाम्मे हुँदै आएकोले सास्ती खेप्नु परेको भन्दै सो सडकका उपभोक्ताहरुले बेला-बेला सडक बन्द गराएर आन्दोलनमा उत्रिँदै आएका छन्।

शनिश्चरे बजार, महेन्द्र चोक र रिगुवा चोक गरी तीन स्थानमा उनीहरूले आवतजावत ठप्प पारेका छन्। कान्छा राम कन्ट्रक्सनले सडक चाँडो बनाउन र हिलो, धुलोबाट मुक्त गर्न माग गर्दै गत मंसीर १२ गते पनि सोही स्थानमा उपभोक्ताहरुले करिब हप्तादिन सडक बन्द गराएका थिए।

सडक चाँडो निर्माण गर्न पटक-पटक पहल गर्दा पनि सुनुवाइ नभएपछि पीडितहरुले वीरेन्द्र गुरुङको संयोजकत्वमा १३ सदस्यीय संघर्ष समिति गठन गरेरै आन्दोलन गरेका थिए। मंसीरमा कान्छाराम कन्ट्रक्सन कम्पनीका मेनेजर दीपक थिङ,



पथरीशनिश्चरे नगर प्रमुख मोहनप्रसाद तुम्वापो आन्दोलनकर्मीहरुको तर्फबाट संयोजक वीरेन्द्र गुरुङ, सहसंयोजक सुमन बनेम, वडाध्यक्षहरु बसेर सहमति भएको थियो।

त्यसबेला कम्पनीले सडकमा दैनिक पानी लगाएर धुलो उड्न नदिने, बैशाखसम्म कालोपत्रे गरी सक्ने, बैशाखसम्म कालोपत्रे नभए ९, ८ र ४ नं. वडा अध्यक्षहरु वीरबहादुर राई, नवीन कार्की र लोककिरण न्यौपानेसहित सडक आन्दोलनमा आउने सहमति भएको संघर्ष समितिका सहसंयोजक सुमन बनेमले बताए।

सहमति अनुसार केही महिना काम गरे पनि फेरि छाडेर हिँडेको, काम ढिला गरेकोले पुनः सडक बन्द गर्नुपरेको बनेमले बताए। सडक निर्माणमा अति ढिला भएपछि बन्द गर्न उपभोक्ताहरु बाध्य भएको स्थानीय भुवन धिमालको भनाइ छ।

पथरीशनिश्चरे नगरको भुटानी शरणार्थी शिविर मुख्य सडक दक्षिण रंगेलीसम्म २५ किलो मिटर लम्बाई र ६० फिट चौडाइको निर्माण हुने सडकको ठेक्का पूर्ण तामाङको कान्छाराम कन्स्ट्रक्सन कम्पनीले पारेको थियो। कान्छारामले एक करोड ९४ लाख ९४ हजारमा टेण्डर पारेको स्थानीय प्रेम बनेम लिम्बूको भनाइ छ।

कालोपत्रे (पुरानो) उप्काएर ग्राबेल लगाएर हिँडेपछि निर्माण कम्पनी करिब दुई बर्षदेखि बेपत्ता थियो। मंसीरको आन्दोलनमा भएको सहमतिपछि आएर काम थालेपनि पुनः काम छाडेर हिँडेकोले सडक बन्द गर्नुपरेको स्थानीय उपभोक्ताहरु बताउँछन्। संघर्ष समितिले २०८० मंसीर १३ गने महेन्द्र चोक स्थित सडकमै पत्रकार सम्मेलन गरेर पीडितहरुले गुनासो सुनाएका हुन्।

हिउँदमा धुलोको कारण शुद्ध खाना खान र लुगा धोएर सुकाउन नपाएको पीडितहरुको भनाइ थियो। अत्याधिक धुलोको कारण वृद्धवृद्धा र बालबालिकाको स्वास्थ्यमा समस्या भइरहेको संघर्ष समितिको सदस्य ईश्वर चौहानले बताए।

# वाइसीएल झापाको अध्यक्षमा डेबिट

**बिर्तामोड, बैशाख २३।** नेकपा माओवादी केन्द्रको युवा संगठन योङ्ग कम्युनिष्ट लिग (वाइसीएल) नेपाल झापाको छैठौं जिल्ला भेला सम्पन्न भएको छ।

बिर्तामोडस्थित सिटी सेन्टरमा डेबिट शाहीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्दै भेला सम्पन्न भएको हो। शाहीको अध्यक्षतामा गठित नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा हिमाल बिष्ट, उपाध्यक्षद्वयमा विनोद नेम्बाङ र बुद्धिमान तामाङ चयन भएका छन्। त्यस्तै सचिव जनक ल्वागुन र सहसचिवमा प्रेम राना मगर, रुद्र राउत, सन्तोष विश्वकर्मा र समिर लिम्बू चयन भएका छन्। मेनुका राजवंशी कोषाध्यक्षमा चयन भएकी छन्। नयाँ कार्यसमितिको नामावली वाइसीएल नेपालका केन्द्रिय सदस्य डम्बर पुलामी (कर्म)ले उद्घोष गरेका थिए।

झापाका १५ वटै पालिकाबाट एक महिला अनिवार्यसहित ७५ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको वाइसीएल नेपाल झापाका संस्थापक अध्यक्ष समेत रहेका नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नि)ले जानकारी दिए।

कार्यक्रमका बीच वाइसीएल झापाका संस्थापक




तथा विभिन्न जिल्लामा संस्थापक अध्यक्षको जिम्मेवारी सम्हालेर हाल झापामा बसोबास गरिरहेका नेतृत्वलाई सम्मान गरिएको थियो।

वाइसीएलका मेची व्युरो संस्थापक अध्यक्ष इन्द्र आङ्बो (मौसम), झापाका संस्थापक अध्यक्ष राजु आचार्य, पूर्व अध्यक्ष तथा संस्थापक उपाध्यक्ष डिल्ली घिमिरे (हिक्मत), पूर्व अध्यक्षहरु मोहन नेम्बाङ (सञ्चार), डम्बर पुलामी (कर्म), दलबहादुर तामाङ, कुमार आचार्य, तेह्रथुमका संस्थापक अध्यक्ष खड्ग कन्दङ्वा (रोशन), मोरङका संस्थापक अध्यक्ष कुलप्रसाद सावा (कुशल), संखुवासभाका संस्थापक अध्यक्ष अस्मिता तामाङ कन्दङ्वा, झापाका संस्थापक सचिव मोहन टुडु (सरोज), कोषाध्यक्ष निर्मला खतिवडा (निरु) र सदस्य रञ्जिता जबेगु निङ्वालाई सम्मान गरिएको थियो। उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथी माओवादी केन्द्रका केन्द्रीय उपमहासचिव हरिबोल गजुरेलले खदा तथा सम्मानपत्रले सम्मान गरेका थिए।

कार्यक्रममा वाइसीएलले झापामा सञ्चालन गरेको एकल नृत्य प्रतियोगिताबाट टप फाइभमा पर्न सफल प्रतियोगीहरुको फिनाले समेत सम्पन्न भएको थियो। प्रतियोगितामा प्रथम हुने दमककी सञ्जिता लिम्बूले नगद २० हजारसहित सम्मानपत्र प्राप्त गरिन्। दोस्रो हुने शिवसताक्षीका करण गदाइलीले नगद १५ हजारसहित सम्मानपत्र, तेस्रो हुने कनकाईका राजेश बस्नेतले नगद १० हजारसहित सम्मानपत्र र सान्त्वना हुने कनकाईका असरफ खान र शिवसताक्षीकी सन्तोषी राजवंशीले जनही नगद पाँच हजारसहित सम्मानपत्र प्राप्त गरेका थिए।

वाइसीएल झापाका अध्यक्ष राजकुमार विश्वकर्मा (राजु)को अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा प्रदेश स्कूल विभाग प्रमुख अजम्बर काम्बाङ राई, नेकपा माओवादी केन्द्र कोशीका संसदीय दलका नेता इन्द्र आङ्बो, वाइसीएल नेपालका केन्द्रिय अध्यक्ष सुबोध श्रीपाली, केन्द्रिय सदस्यहरु झलकबहादुर दर्लामी, कुलप्रसाद साम्बा लिम्बू, रञ्जित तामाङ, हरि राना, लक्ष्मी न्यौपाने सरु, सुशिला घिमिरे सामना, केन्द्रिय सदस्य तथा युवा, विद्यार्थी फ्याक्सन इञ्चार्ज मुक्साहाङ मेन्याङ्बो लगायतको उपस्थिती रहेको थियो। राजेश घतानीले सञ्चालन गरेका उक्त कार्यक्रममा करिब एक हजार पाँच सय युवाहरुको उपस्थिती रहेको थियो।

# हलेसी-बराह क्षेत्र र पाथीभरा जोडिने

**खोटाङ, बैशाख २३।** कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले हलेसी-बराह क्षेत्र र पाथीभरालाई जोडेर धार्मिक पर्यटन प्रवर्द्धन गरिने बताए।

त्रिधार्मिक स्थल हलेसीमा हवनकुण्ड शिलान्यास गरेपछि उनले प्रदेशका तीन धार्मिक स्थललाई जोड्ने योजनालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको जानकारी दिए।

मुख्यमन्त्री कार्कीले हलेसी, सुनसरीको बराह क्षेत्र र ताप्लेजुङको पाथीभरालाई जोड्नुपर्ने बताउँदै केबुलकार र जल यातायातका माध्यमबाट त्यसो गर्न सकिन्छ भने। उनले पर्यटन पूर्वाधार निर्माणका आधारभूत संरचना निर्माण गर्न वडा र पालिका अग्रसर हुनुपर्ने बताए।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ मा विनियोजन गरेकोरु एक करोड ४४ लाख ८४ हजार चार सय ९० लगानीमा हलेसीमा हवन कुण्ड बन्दैछ। आगामी असार १६ गतेसम्ममा सम्पन्न गर्नेगरी काम शुरु भएको हो।

शिलान्यासपछि खोटाङ प्रदेशसभा (१)का सदस्य पाँचकर्ण राईले हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी क्षेत्रको विकासका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गए।

हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख विमला राईले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताए।

हलेसी आउने दर्शनार्थीको सुविधाका निम्ति मन्दिर परिसरमा नेपाल आयल निगम र हलेसी तुवाचुङ नगरपालिकाको लगानीमा अतिथिगृह निर्माणाधीन छ। निगमबाट रु. दुई करोड प्राप्त भएपछि नगरपालिकाले आव २०७९/०८० मा रु. दुई करोड ९६ लाख बजेट विनियोजन गरिएको थियो।

# बालगृह महासंघको दोस्रो सभा




– रञ्जित परियार

**बुट्टाबारी, बैशाख २३।** बाल गृहहरुको महासंघ प्रदेश नं. १ नेपाल कोशी प्रदेशको दोस्रो साधारणसभा सम्पन्न भएको छ।

कार्यक्रममा वार्षिक तथा आर्थिक प्रतिवेदन सचिव तेजबहादुर घिमिरेले प्रस्तुत गरेका थिए। कार्यक्रममा समितिका उपस्थित सदस्यहरुले बाल गृहहरुमा आइपर्ने आवश्यकता, समस्या, चुनौति र उपलब्धिबारे धारण राखेका थिए।

बालगृहमा रहेका बालबालिकाहरुका लागि शिक्षा स्वास्थ सम्मको व्यवस्थापनका लागि संस्था तोकेर प्रदेश सरकारले दिँदै आएको रकम हाल स्थानीय तहले आफू खुशी अन्य संस्थालाई विभाजन गरी वितरण गर्दा बालगृलाई समस्या परेको भगिरथा चापागाईंले बताइन्।

त्यसैगरी बालगृहमा रहेका बालबालिकाहरुको अभिभावक पहिचान नखुलेको र उनीहरुलाई कक्षा ८ मा पुगेपछि अनिवार्य जन्मदर्ता आवश्यक रहने, अभिभावकविहीन १८ बर्ष पार गरेका बालबालिकाहरु राज्यले सीप प्रधान गरी रोजगारको व्यवस्थापन गर्नुपर्ने, बालगृहका बालबालिकालाई स्थानीय सरकारले स्वास्थ्य बीमा गरी दिनुपर्ने जस्ता स्थानीय, प्रदेश र केन्द्रिय सरकारसग माग गर्ने निमित्त अध्यक्ष नारायणप्रसाद पोखेलले बताए।

कार्यक्रममा कोशी प्रदेशका १४ जिल्ला अन्तर्गत १६ बालगृहमा रहेर उन्च शिक्षा हासिल गर्ने निसा बालगृह इटहरीका लिचन गौतम पूर्वाञ्चल बालसेवा केन्द्रका सुरेश नेपाल, खेलकुद तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत स्वर्ण पदक बिजेता नमूना बालगृह उर्लाबारीका किरण मगर, लोपोन्मुख विद्यार्थीको तर्फबाट नमूना बालगृह उर्लाबारी कि सुनिता चेपाङ लगायतलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि उर्लाबारी नगरपालिकाका प्रमुख गंगाप्रसाद खरेल, महिला तथा बालबालिका शाखा प्रमुख चन्द्रकला सुब्बा वडाध्यक्ष उर्मिला थापा लगायतले शुभकामना व्यक्त गरेका थिए। महासंघका सदस्य ब्युटी श्रेष्ठले स्वागत गरेको कार्यक्रमको सहजीकरण सचिव तेजबहादुर घिमिरेले गरेका थिए।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
**अर्जुनधारा नगरपालिका- ४, झापा**

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*




सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

*तेस्रो पटक प्रकाशित मितिः २०८०/०१/२४*

यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/१२/३० मा स्वीकृती प्राप्त भई साविक कम्पनी कष्णसागर विद्यापिठ झापा प्रा.लि. (प्रा.लि. नं. ११८९८४)को नाम रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण, धनी, कर, दायित्व आदि परिवर्तित नामको कृष्णसागर इङ्गलिश स्कूल (प्रा.(लि) अंगेजीमा Krishnasagar English School (Pvt. Ldt)ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय शुभ फलदायी रहेको छ, आज मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्ने छैन, मनमा खिन्नता पैदा हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला।